# दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी

# निर्देशिका २०६३

(पहिलो संशोधन २०६६ सहित)



नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०६६

# दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०६३

(पहिलो संसोधन,२०६६ सहित )

नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी,भक्तपुर

२०६६

पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी

G 2918

# दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०६३,(पहिलो संशोधन,२०६६ सहित)

दूर शिक्षा/खुला सिकाइ पद्धतिबाट शिक्षक तालीमका साथै प्राविधिक तथा व्यावसायिक तालीम र विद्यालयस्तरीय शैक्षिक कार्यक्रम समेत सञ्चालन गर्न शिक्षा नियमावली, २०५९ को नियम १९२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहाय बमोजिमको निर्देशिका बनाएको छ ।

विद्यालय तहको शिक्षाबाट बञ्चित समूहलाई कक्षा ६ देखि १२ सम्मको विद्यालयीय शिक्षा खुला विद्यालयमार्फत प्रदान गर्न, विद्यमान विद्यालयीय शिक्षाको गुणस्तरका लागि सञ्चालित सहयोग कार्यक्रमअन्तर्गत शिक्षक तालीम, एस.एल.सी सहयोग कार्यक्रम, जीवनपर्यन्त शिक्षा, पेसागत दक्षता अभिवृद्धि तथा ज्ञान र सीप प्रमाणीकरण तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूका लागि दूर शिक्षा/खुला सिकाइको माध्यमबाट शिक्षा एवम् तालीमका थप अवसरहरू उपलब्ध गराउन दूर शिक्षा/खुला सिकाइको अर्को निकाय स्थापित नभएसम्मका लागि उक्त क्षेत्रसँग सम्बन्धित कार्यक्रम विकास र कार्यान्वयनका लागि शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत गर्ने गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन निर्देशिका, २०६३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन"भन्नाले शिक्षा ऐन २०२८ लाई सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ ।

(घ) "शैक्षिक जनशक्ति विकास केन्द्र" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको शैक्षिक जनशक्ति विकास केन्द्रलाई सम्झनुपर्छ ।

(ङ) "दूर शिक्षा समिति" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ५७ अन्तर्गत व्यवस्था भएको दूर शिक्षा/खुला सिकाइसम्बन्धी नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापन गर्ने मुख्य दायित्व भएको समितिलाई बुझाउँछ ।

(च) "दूर शिक्षा/खुला सिकाइ" भन्नाले पत्राचार, श्रव्य, दृश्य, श्रव्यदृश्य प्रविधिमा आधारित शिक्षा वा अन्य कुनै पनि सञ्चार माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) "दूर शिक्षा /खुला सिकाइ कार्यक्रम" भन्नाले यस निर्देशिकाको क्षेत्रभित्र पर्ने कार्यक्रम सम्झनुपर्छ ।

(ज) "प्राज्ञिक उपसमिति" भन्नाले यस निर्देशिकाको १२ (१) बमोजिम गठन हुने उपसमितिलाई जनाउँछ ।

(झ) "विषय उपसमिति" भन्नाले यस निर्देशिकाको १२ (३) बमोजिम गठन हुने उपसमितिलाई बुझाउँछ ।

(ञ) "सदस्य सचिव" भन्नाले दूर शिक्षा समितिको सदस्य-सचिवलाई जनाउँछ ।

(ट) "सञ्चालक/व्यवस्थापन समिति" भन्नाले दूर शिक्षा/खुला विद्यालय कार्यक्रम सञ्चालन गर्ने संस्थाको सञ्चालक/ व्यवस्थापन समितिलाई जनाउँछ ।

(ठ) "खुला विद्यालय" भन्नाले दूर शिक्षाको माध्यमबाट दूर शिक्षा/खुला सिकाइ विद्यालय तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न दूर शिक्षा समितिले सम्बन्धन प्रदान गरेको संस्थालाई जनाउँछ । यस पद्धतिमार्फत् संचालन गरिने शिक्षालाई वैकल्पिक विद्यालय तथा विद्यालय शिक्षाको लागि दोस्रो अवसरको रुपमा जनाउँछ ।

(ड) "सम्बन्धन" भन्नाले दूर शिक्षा/खुला सिकाइ/खुला विद्यालय कार्यक्रम सञ्चालन गर्न दूर शिक्षा समितिले प्रदान गर्ने सम्बन्धनलाई जनाउँछ ।

(ढ) "शैक्षिक सत्र" भन्नाले सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन हुने अवधिलाई जनाउँछ।

(ण) "अध्ययन केन्द्र" भन्नाले दूर शिक्षा/खुला सिकाइका विद्यार्थीहरूलाई सहायता पुऱ्याउन स्थानीयस्तरमा खोलिएका/सञ्चालन गरिएका निकाय र संस्थालाई जनाउँछ ।

(त) "क्षेत्रीय अध्ययन केन्द्र" दूर शिक्षा/खुला सिकाइका कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने उद्देश्यले क्षेत्रीयस्तरमा स्थापना गरिएका संस्थालाई जनाउँछ ।

## परिच्छेद-२

## खुला विद्यालयको सञ्चालनसम्बन्धी व्यवस्था

३. खुला विद्यालयले सञ्चालन गर्ने शिक्षण सिकाइ कार्यक्रमहरू देहाय बमोजिम हुनेछन् :

(क) खुला विद्यालय विद्यमान विद्यालयस्तरीय शैक्षिक संरचनाअनुरुप साधारण र व्यावसायिक गरी दुवै प्रकारको हुन सक्नेछन् ।

(ख) कक्षाअनुसारको उमेर पार गरेका, नियमित विद्यालयमा अध्ययन गर्न छाडेका आर्थिक, सामाजिक, भौगोलिक, पेसा, जातजाति, व्यवसाय र समयको अभावको कारणले गर्दा शिक्षाको अवसर नपाएकाको लागि खुला विद्यालयमार्फत शिक्षाका थप अवसर/पहुँचहरू सिर्जना गरिनेछ ।

(ग) खुला विद्यालयले निम्नानुसारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् :

अ. कक्षा ६ देखि १२ सम्मको शैक्षिक कार्यक्रम

आ. अनौपचारिक शैक्षिक कार्यक्रम

इ. व्यावसायिक शिक्षाअन्तर्गत कक्षा ६ देखि १२ सम्मको शैक्षिक कार्यक्रम

(घ) खुला विद्यालयले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम निम्नानुसार निर्माण गरिनेछ ।

अ. खुला विद्यालयका लागि दूर शिक्षा तथा खुला सिकाइ पद्धतिमा आधारित छुट्टै पाठ्यक्रमको व्यवस्था गरिनेछ ।

आ. खुला विद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने पाठ्यक्रम विद्यालयस्तरको विद्यमान पाठ्यक्रमको ढाँचाबमोजिम तयार गरी दूर शिक्षा समितिको सिफारिशमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृति गरेबमोजिम लागु गरिनेछ ।

इ. ११-१२ कक्षाको शैक्षिक कार्यक्रम सञ्चालन गर्दा उच्च माध्यमिक शिक्षा परिषद्को समन्वयमा गरिनेछ ।

ई. व्यावसायिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्सँग समन्वय गरी सञ्चालन गरिनेछ ।

उ. खुला विद्यालयले स्वीकृत पाठ्यक्रमअनुसारका पाठ्यसामग्रीहरू लागू गर्नुपर्नेछ ।

[µ](ङ) खुला विद्यालय सञ्चालनका लागि खुला विद्यालयको व्यवस्थापन पक्ष ,जस्तैं- विद्यार्थी भर्ना, परीक्षा, अनुगमन, स्रोत व्यवस्थापन लगायतको कार्य शिक्षा विभागले गर्ने र जनशक्ति विकास, सामग्री विकास र प्रसारण व्यवस्थापन लगायतको प्राविधिक पक्षका कार्यहरू शैक्षिक जनशक्ति विकास केन्द्रले गर्नेछ ।

---

µ पहिलो संशोधनद्वारा थप ।

४. **खुला विद्यालयको शिक्षणसिकाइ सम्बन्धमा देहायबमोजिमका माध्यम प्रयोग हुनेछन् :**

(क) मुद्रित सामग्री (स्वाध्ययन सामग्री, पोष्टर, पत्रपत्रिका)

(ख) सम्पर्क कक्षा /गोष्ठी/कार्यशाला

(ग) श्रव्य तथा श्रव्य दृश्य सामग्री (क्यासेट, सिडी. रेडियो, टेलिभिजन )

(घ) सूचना प्रविधिमा आधारित सामग्री (मल्टिमिडिया, अनलाइन/अफलाइन, इन्टरनेट, वेभसाइट, फोनइन, श्रव्य, श्रव्यदृश्य कन्फ्रेन्सिङ)

(ङ) पत्राचार ।

५. **खुला विद्यालयमा अध्ययन गर्नेहरूका लागि देहायबमोजिम परीक्षा सञ्चालन हुनेछ :**

(क) खुला विद्यालयले सञ्चालन गरेको विद्यालयस्तरीय कार्यक्रमको परीक्षा यसै निर्देशिकाको परिच्छेद ८ अनुसार हुनेछ ।

(ख) आन्तरिक प्रयोगात्मक परीक्षाको सञ्चालन र व्यवस्थापन दूर शिक्षा समितिले तोकेबमोजिम खुला विद्यालय आफैले गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको परीक्षा वर्षमा एउटा तहका लागि एकभन्दा बढी पटक सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद -३

## खुला विद्यालय सम्बन्धनसम्बन्धी व्यवस्था

६ **खुला विद्यालय सञ्चालन गर्न दरखास्त दिनुपर्ने :**

(१) खुला विद्यालयमार्फत दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्न चाहने देहायबमोजिमका विद्यालय/ संस्थाले दूर शिक्षा समितिबाट प्रकाशित सूचना वमोजिम खुला विद्यालयको सम्बन्धनका लागि अनुसूची- १ बमोजिमको ढाँचामा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा/खुला सिकाइ महाशाखामा दरखास्त दिनुपर्नेछ :

(क) साधारण शिक्षातर्फका लागि अनुमति वा स्वीकृति प्राप्त माध्यमिक विद्यालय, वा उच्च माध्यमिक विद्यालय,

(ख) व्यावसायिक शिक्षातर्फका निमित्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त प्राविधिक शिक्षालय, वा

(ग) शैक्षिक उद्देश्य लिई कानुनबमोजिम दर्ता भएका स्थापित शैक्षिक संस्था ।

(२) दरखास्त दिने प्रयोजनका लागि दूर शिक्षा/खुला सिकाइ सञ्चालन सम्बन्धी निर्देशिका र आवेदन फाराम दूर शिक्षा समितिले निर्धारण गरेको रकम बुझाएपछि शैक्षिक जनशक्ति विकास केन्द्र वा केन्द्रले तोकेको स्थानमा उपलब्ध हुनेछ ।

(३) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्न दरखास्त दिने संस्थाले दरखास्तका साथ देहायबमोजिमका कागजात पेस गर्नुपर्नेछ :

(क) संस्था दर्ता भएको प्रमाणपत्र नवीकरण गर्नुपर्ने संस्था भए नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) अनुसूची - २ बमोजिमको शैक्षिक विवरण फाराम

(ग) अनुसूची - ३ बमोजिमको कबुलियतनामा

(घ) प्रस्तावित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित संस्थाले तयार गरेको विनियमको प्रतिलिपि

(ङ) खुला विद्यालय सञ्चालन गर्न सम्बन्धित संस्थाको सञ्चालक/व्यवस्थापन समितिले गरेको निर्णयको प्रतिलिपि

(च) बाहालवाला घरमा सञ्चालित संस्था भए सोको सम्झौता पत्र (शिक्षण संस्थाको आफ्नै निजी भवन भए निस्सा प्रमाणको प्रतिलिपि)

(छ) दूर शिक्षा समितिले निर्धारण गरेको धरौटी रकम जम्मा गरेको बैङ्क भौचर ( निजी स्रोतबाट सञ्चालित संस्थाका लागि मात्र)

(ज) खुला विद्यालय सञ्चालन गर्ने शिक्षण संस्थाको आसपासमा सोही प्रकृतिका कुनै शिक्षण संस्थाहरू भएमा त्यस्ता शिक्षण संस्थाहरूको विवरण ।

(४) खुला विद्यालय सञ्चालन गर्न देहायका पूर्वाधारहरू पूरा गरेको हुनुपर्नेछ :

(क) भवन, शिक्षण प्रशिक्षण कक्ष, कार्यालय कक्ष र फर्निचर तथा अन्य भौतिक साधन वा प्रयोगात्मक उपकरणको प्रयाप्त व्यवस्था ।

(ख) सम्बन्धित तह र विषयको पाठ्यक्रम, कक्षागत पाठ्यपुस्तक, अन्य अध्ययन सामग्री, उपयोगी सन्दर्भ पुस्तक र आवश्यक शैक्षिक सामग्री भएको पुस्तकालय तथा उपकरणयुक्त प्रयोगशाला ।

(ग) श्रव्य, दृश्य, श्रव्यदृश्य, इमेल, इन्टरनेट तथा अन्य सूचना प्रविधिसमेत भएको अध्ययन केन्द्र ।

(घ) योग्यता पुगेका विषयगत सहजकर्ताको व्यवस्था ।

(ङ) खुला विद्यालय सञ्चालन/व्यवस्थापनका लागि स्पष्ट रूपमा आर्थिक स्रोत खुलेको कागजात ।

(च) दफा ६ को उपदफा (१) को खण्ड (ग) को सन्दर्भमा खुला विद्यालय सञ्चालन/ व्यवस्थापनका लागि गठित सञ्चालक/ व्यवस्थापन समितिको विवरण ।

(छ) सम्बन्धित संस्थाको विनियममा खुला विद्यालय सञ्चालन गर्ने प्रक्रिया र प्रावधानहरू किटानीसाथ उल्लेख गरेको हुनुपर्ने ।

(ज) सामुदायिक विद्यालयहरूमा विस्तारित कार्यक्रमको रूपमा सञ्चालित खुला विद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्ने दायित्व नेपाल सरकारको हुनेछ ।

७ <u>सम्बन्धन प्रदान गर्ने सम्बन्धी कार्यविधि :</u>

देहायका आधारमा दूर शिक्षा समितिले खुला विद्यालय सञ्चालन गर्न सम्बन्धन दिनेछ :

(क) दफा ६ बमोजिम पर्न आएका दरखास्तको आधारमा शैक्षिक जनशक्ति विकास केन्द्रले प्रारम्भिक स्थलगत निरीक्षण गरी गराई सोको प्रतिवेदनसमेतलाई ध्यानमा राखी आफ्नो राय सुझावसहित दूर शिक्षा समितिमा पेस गर्नुपर्नेछ । दूर शिक्षा समितिमा लैजानुपूर्व प्राज्ञिक उपसमितिमा छलफल गरी उपसमितिको रायसहित दूर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

(ख) तर नियम (क) अनुसार परीक्षणकाल भरी अन्य संस्थाहरुलाई सम्बन्धन प्रदान गरिने छैन ।

(ग) दफा ६ बमोजिम पर्न आएका दरखास्तको छानविन र कारवाहीका आधारमा दूर शिक्षा समितिले सुरुमा अस्थायी सम्बन्धन प्रदान गर्न सक्नेछ । सम्बन्धन प्रदान गर्दा दुर्गम तथा पिछडिएका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिन सक्नेछ ।

(घ) अस्थायी सम्बन्धन प्रदान गर्ने निर्णय भएका शिक्षण संस्थालाई शैक्षिक जनशक्ति विकास केन्द्रले दूर शिक्षा समितिले निर्धारण गरेको सम्बन्धन दस्तुर लिई अनुसूची- ४ बमोजिमको सम्बन्धन पत्र प्रदान गर्नेछ ।

(ङ) दफा ८ बमोजिम पालना गर्नुपर्ने सर्तहरू पूरा गरेपछि खुला विद्यालयलाई स्थायी सम्बन्धन दिन उपयुक्त लागेमा दूर शिक्षा समितिको निर्णयअनुसार अस्थायी सम्बन्धन प्राप्त गरेको खुला विद्यालयलाई शैक्षिक जनशक्ति विकास केन्द्रले स्थायी सम्बन्धन प्रदान गर्नेछ ।

८. <u>सम्बन्धन प्राप्त गर्ने शिक्षण संस्थाले पालना गर्नुपर्ने सर्तहरू :</u>

खुला विद्यालय सञ्चालन गर्न सम्बन्धन प्राप्त गरेपछि सम्बन्धित शिक्षण संस्थाले देहायका सर्तहरू पालना गर्नुपर्नेछ :

(क) स्थायी सम्बन्धन प्राप्त नगरुन्जेल प्रत्येक २ वर्षमा दूर शिक्षा समितिबाट सम्बन्धन नवीकरण गर्नुपर्नेछ ।

(ख) दूर शिक्षा समितिको नीति, निर्णय तथा निर्देशनहरू पूर्णरूपले पालन गर्नुपर्नेछ ।

(ग) खुला विद्यालयले उठाइएका शुल्कहरू जुन शीर्षकअन्तर्गत उठाइएको छ सोही शीर्षकअन्तर्गत खर्च गरी सोको जानकारी वार्षिक रूपमा लेखा परीक्षणको प्रतिवेदनसहित शैक्षिक जनशक्ति विकास केन्द्रमा पठाउनु पर्नेछ । तर परीक्षा शुल्क र रजिस्ट्रेशन दस्तुरबापतको सम्पूर्ण रकम शैक्षिक जनशक्ति विकास केन्द्रले तोकेको ठाउँमा पठाउनु पर्नेछ । परीक्षा शुल्क र रजिस्ट्रेशन शुल्क दूर शिक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(घ) सम्बन्धित शिक्षण संस्थाको नाम, स्थान वा स्वामित्व परिवर्तन गर्दा दूर शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

(ङ) खुला विद्यालय सञ्चालन गर्ने संस्थाले सञ्चार प्रविधिको प्रयोग गर्नुपर्नेछ ।

(च) खुला विद्यालय सञ्चालन गर्ने शिक्षण संस्थाले विद्यार्थीबाट उठाइने शिक्षण शुल्क उक्त संस्थाले सञ्चालन गर्ने शैक्षिक कार्यक्रममा लिइने शुल्क र लागत आपूरणको सिद्धान्त दुवैलाई ध्यानमा राखेर निर्धारण गर्नुपर्नेछ । शिक्षण शुल्कमा कुनै किसिमको विवाद उत्पन्न भए दूर शिक्षा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(छ) विद्यार्थीहरूलाई सरल र सुलभ रूपमा पर्याप्त मात्रामा अध्ययन सामग्री उपलव्ध गराउने र पाठ्यांशको अभ्यासका लागि एक वर्षमा [Ω]<u>१७५</u> घण्टाको सम्पर्क कक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(ज) खुला विद्यालय सञ्चालन गर्ने शिक्षण संस्थाले अनुसूची ५ बमोजिमको भौतिक तथा शैक्षिक पूर्वाधारहरू पूरा गरेको हुनुपर्नेछ ।

(झ) प्रत्येक त्रैमासिकको अन्तमा विद्यालयको प्रगति विवरण पेस गर्नुपर्नेछ ।

९. **सम्बन्धन निलम्बन वा खारेज गर्न सकिने :**

दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाको सम्बन्धन निलम्बन वा खारेज गर्ने आधारहरू देहायबमोजिम हुनेछन्

(क) दफा ८ बमोजिमका सर्तहरू पालना नगरेमा ।

(ख) दूर शिक्षा समितिका निर्देशनको पालना नगरेमा ।

(ग) सम्बन्धन प्राप्त कार्यक्रम नियमित रूपमा सञ्चालन नगरेमा ।

(घ) यस निर्देशिका बमोजिम कार्य सञ्चालन नभएमा ।

(ङ) प्रचलित ऐन नियमावली विपरीत कार्य गरेको पाइएमा ।

(च) दूर शिक्षा/खुला सिकाइको प्राज्ञिक मापदण्डअनुसार अपेक्षित स्तर कायम नरहेको भनी प्राप्त प्रतिवेदन वा उजुरीका आधारमा दूर शिक्षा समितिले निर्णय गरेमा ।

---

[Ω] पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद- ४
## शैक्षिक जनशक्ति विकास केन्द्रको भूमिका

१०. **शैक्षिक जनशक्ति विकास केन्द्रले सञ्चालन गर्ने कार्यक्रम :**

खुला विद्यालय सञ्चालनसम्बन्धी अर्को व्यवस्था नभएसम्म दूर शिक्षा/ खुला सिकाइ कार्यक्रमहरूको विकास र विस्तार गर्न शैक्षिक जनशक्ति विकास केन्द्रले निम्नलिखित कार्यक्रमहरु संचालन गर्न सक्नेछ :-

(क) शिक्षक तालीम,प्राविधिक शिक्षा तथा व्यावसायिक सीपसँग सम्बन्धित तालीम र प्रमाणीकरण कार्यक्रम ।

(ख) प्राज्ञिक/औपचारिक शिक्षाको समकक्षी विद्यालय शिक्षा कक्षा ६-१२ को कार्यक्रम ।

(ग) नियमित शिक्षण प्रणालीको गुणस्तर सुधार कार्यक्रम ।

(घ) जीवनपर्यन्त शिक्षा र पेसागत दक्षता अभिवृद्धिका कार्यक्रम ।

११. **शैक्षिक जनशक्ति विकास केन्द्रको भूमिका :**

यस केन्द्रको भूमिका देहायबमोजिम हुनेछ :

(क) नेपाल सरकारको शैक्षिक नीति, योजना र कार्यक्रमका आधारमा दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनको प्राथमिकता क्षेत्रहरूको निर्धारण गर्ने ।

(ख) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनका लागि वातावरण तयार गरी व्यापक रूपमा दूर शिक्षाको महत्त्व र उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

(ग) पाठ्यक्रम तथा पाठ्य सामग्री दफा ३ को खण्ड (घ) अनुसार विकास गर्ने ।

(घ) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूका बीचमा समन्वय कायम गर्ने ।

(ङ) दूर शिक्षा/खुला सिकाइका कार्यक्रमको अनुगमन गरी त्यसको यथार्थ वस्तुस्थितिका बारेमा दूर शिक्षा समितिलाई जानकारी गराउने ।

(च) दूर शिक्षा/खुला सिकाइका बारेमा तालीम, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन अनुसन्धान र अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने ।

(छ) खुला विद्यालय सञ्चालन गर्ने शिक्षण संस्थाहरूलाई सहजकर्ताको रूपमा सेवा उपलव्ध गराउने ।

(ज) दूर शिक्षा/खुला सिकाइ कार्यक्रमसम्बन्धी अभिलेख राख्ने र प्रत्येक वर्ष सिकाइ सामग्रीहरूलाई अद्यावधिक गर्ने ।

(झ) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

(ञ) दूर शिक्षा/खुला सिकाइका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न केन्द्रीय, क्षेत्रीय र अध्ययन केन्द्र तहमा भौतिक एवम् प्राविधिक पूर्वाधार र जनशक्ति विकासलाई सुदृढ बनाउँदै लैजाने ।

(ट) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्न प्राविधिक सहयोग पुऱ्याउन शैक्षिक तालीम केन्द्रहरूलाई र अनुगमन तथा प्रशासनिक सहयोग पुऱ्याउन क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयलाई परिचालन गर्ने ।

(ठ) दूर शिक्षा/खुला सिकाइका कार्यक्रमलाई प्रोत्साहन गर्ने, सामग्री उत्पादन गराई केन्द्रबाट उत्पादित सामग्रीहरू वेभसाइटमा राख्ने व्यवस्था मिलाउने ।

(ड) सञ्चालित कार्यक्रममा सहयोग पुग्ने गरी रेडियो प्रसारण, फोनइन, श्रव्य सभा र श्रव्यदृश्य सभा जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ढ) केन्द्रस्तरमा नमूना अध्ययन केन्द्रको व्यवस्था गर्ने र सम्बन्धन प्राप्त खुला विद्यालयमध्ये सामुदायिक विद्यालयमा सञ्चालित कार्यक्रमलाई प्रोत्साहन गरी जिल्लास्तरको नमूना खुला विद्यालय बनाउन प्रतिस्पर्धी बनाउने ।

(ण) प्रभावकारी विद्यार्थी सहायता प्रणालीको व्यवस्था गर्ने ।

(त) आवश्यकताअनुसार विभिन्न कार्यटोलीहरु गठन गर्ने ।

## परिच्छेद -५

## उपसमितिसम्बन्धी व्यवस्था

१२. दूर शिक्षा/खुला सिकाइ कार्यक्रमका सहयोगका लागि उपसमिति गठन गरिने छ :

दूर शिक्षा/खुला सिकाइसम्बन्धी अर्को व्यवस्था नभएसम्म शिक्षा नियमावली, २०५९ को नियम ५७ अन्तर्गत व्यवस्था भएको दूर शिक्षा/खुला सिकाइको नीति निर्माण, समन्वय, रेखदेख र व्यवस्थापन गर्नकालागि गठित दूर शिक्षा समिति र शैक्षिक जनशक्ति विकास केन्द्रलाई परामर्श दिन र अन्य आवश्यक कार्यमा सहयोग पुऱ्याउन देहायबमोजिम उपसमिति रहनेछन् :

(१) प्राज्ञिक उपसमिति :

दूर शिक्षा/खुला सिकाइका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्नकालागि दूर शिक्षा समितिलाई आवश्यक सहयोग गर्न देहाय बमोजिमको प्राज्ञिक उपसमिति गठन गरिनेछ ।

(क) दूर शिक्षा/खुला सिकाइको क्षेत्रमा अनुभव भएको मन्त्रालयले तोकेको व्यक्ति एकजना - अध्यक्ष

(ख) दूर शिक्षा/खुला सिकाइको क्षेत्रमा अनुभव भएको विश्व विद्यालयबाट शिक्षाशास्त्र सङ्कायमा कार्यरत दूर शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ग) उच्च माध्यमिक शिक्षा परिषद्बाट मनोनीत विशेषज्ञ एकजना - सदस्य

(घ) निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा/खुला सिकाइ महाशाखा - सदस्य

(ङ) शिक्षा तथा खेलकुद मन्त्रालय, विद्यालय शिक्षा शाखाको उप-सचिव एकजना - सदस्य

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट मनोनित विशेषज्ञ एकजना - सदस्य

(छ) उप निर्देशक, शिक्षा विभाग - एकजना - सदस्य

(ज) उप-निर्देशक, पाठ्यक्रम विकास केन्द्र, एकजना - सदस्य

(झ) उप-नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, एकजना - सदस्य

(ञ) उप-निर्देशक, अनौपचारिक शिक्षा केन्द्र - सदस्य

(ट) इन्जिनियर, शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा/खुला सिकाइ महाशाखा, एकजना - सदस्य

(ठ) दूर शिक्षा कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाका प्रमुखहरूमध्येबाट दूर शिक्षा समितिले मनोनीत गरेका व्यक्ति एकजना - सदस्य

(ड) प्रतिनिधि, शिक्षक युनियन, एकजना - सदस्य

(ढ) दूर शिक्षा/खुला सिकाइ, रेडियो, टेलिभिजन, सूचना सञ्चार प्रविधि आदिको क्षेत्रमा कार्यक्रम उत्पादनसम्बन्धी विशेष अनुभव भएको दूर शिक्षा समितिबाट मनोनित एकजना - सदस्य

(ण) स्थानीय उर्जाको प्रयोगबाट विद्युतीय सामग्री सञ्चालन सम्बन्धमा अनुभव भएका विशेषज्ञहरुमध्येबाट दूर शिक्षा समितिबाट मनोनित एकजना - सदस्य

(त) निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, मानव संसाधन महाशाखा - सदस्य

(थ) उप-निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा/खुला सिकाइ महाशाखा - सदस्य सचिव

मनोनीत सदस्यको पदावधि दुई वर्ष हुनेछ । प्राज्ञिक उपसमितिको बैठकमा छलफल र निर्णय गर्नुपर्ने विषयको प्रकृतिको आधारमा तीन जनासम्म सम्बन्धित विषयका विशेषज्ञहरू आवश्यकताअनुसार आमन्त्रित गर्न सकिनेछ ।

(२) <u>प्राज्ञिक उपसमितिको काम, कर्तव्य र अधिकार</u> :

प्राज्ञिक उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) दूर शिक्षा/ खुला सिकाइ कार्यक्रम सञ्चालन गर्नका लागि प्राज्ञिक सेवा उपलव्ध गराउने ।

(ख) दूर शिक्षा/ खुला सिकाइ कार्यक्रममा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने आधार तयार गर्ने ।

(ग) विभिन्न संस्था व्यक्ति वा समूहहरूले दूर शिक्षा/खुला सिकाइ कार्यक्रमका लागि तयार पारेका सिकाइ सामग्रीहरू उपयुक्त भए नभएको मूल्याङ्कन गरी प्रयोगका लागि सिफारिस गर्ने ।

(घ) दूर शिक्षा/ खुला सिकाइ कार्यक्रमलाई विकास र विस्तार गर्न सुझाव दिने ।

(ङ) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरूको मूल्याङ्कन गरी खुला विद्यालय सञ्चालनका लागि सम्बन्धन दिन दूर शिक्षा समितिमा सिफारिस गर्ने ।

(च) दूर शिक्षा/ खुला सिकाइ कार्यक्रमको अनुगमन गरी गुणस्तरियताको मूल्याङ्कन गराउने ।

(छ) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूका उपकरण एवम् उपकरण सञ्चालकहरूको कार्यगत सहयोगको प्रवर्द्धन गर्ने ।

(ज) खुला विद्यालयको पाठ्यक्रम, मूल्याङ्कन प्रणाली समकक्षता निर्धारण आदि तय गरी कार्यान्वयनका लागि दूर शिक्षा समितिमा सिफारिस गर्ने ।

(झ) दूर शिक्षा/खुला सिकाइका लागि उत्पादित सामग्रीहरू प्रकाशन र प्रसारणको दृष्टिबाट उपयुक्त बनाउने व्यवस्थामा सहयोग गर्ने ।

(ञ) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूसँग आवश्यक पूर्वाधार भए नभएको बारेमा अध्ययन गर्ने गराउने ।

(ट) सीप प्रमाणीकरण, जीवन पर्यन्त शिक्षा, गुणस्तरीय शिक्षा आदिको आधार तयार गरी कार्यान्वयन गर्ने ,गराउने ।

(ठ) विषय उपसमितिले पेस गरेका राय सुझाव अध्ययन गरी कार्यान्वयन गर्ने गराउने ।

(ड) खुला विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कन गर्ने आधार तयार गर्ने ,गराउने ।

(ढ) दूर शिक्षा/खुला सिकाइका विभिन्न कार्यक्रमहरूको मूल्याङ्कन गर्ने र क्रेडिट स्थानान्तरण गर्नका लागि आधार तयार गर्ने ।

(ण) दूर शिक्षा/खुला सिकाइ कार्यक्रमसम्बन्धी दूर शिक्षा समितिको निर्देशानुसार अन्य आवश्यक कार्य गर्ने ।

(३) **विषय उपसमिति :**

पाठ्यक्रमले तोकेबमोजिमको विषयहरूको आवश्यकताअनुसार दूर शिक्षा समितिको अध्यक्षको परामर्शमा (शैक्षिक जनशक्ति विकास केन्द्र) बाट देहायबमोजिम छुट्टाछुट्टै विषय उपसमितिहरू गठन गरिनेछ :

| | | | |
|---|---|---|---|
| (क) | दूर शिक्षा खुला सिकाइ महाशाखाको निर्देशक | - | अध्यक्ष |
| (ख) | उच्च शिक्षामा प्राध्यापन/अनुसन्धानसम्बन्धी अनुभव प्राप्त (विश्वविद्यालयहरुमध्येबाट शिक्षाशास्त्र सङ्कायका) प्रतिनिधि एकजना | - | सदस्य |
| (ग) | कक्षा ६-१२ को शिक्षण/अनुसन्धानसम्बन्धी अनुभव भएको व्यक्ति एकजना | - | सदस्य |
| (घ) | दूर शिक्षा/खुला सिकाइ कार्यक्रमको सहजकर्तामध्येबाट मनोनित गरेको व्यक्ति एकजना | - | सदस्य |
| (ङ) | शिक्षक युनियन, प्रतिनिधि एकजना | - | सदस्य |
| (च) | विषय विशेषज्ञ, प्रतिनिधि, पाठ्यक्रम विकास केन्द्र एकजना | - | सदस्य |
| (छ) | विषय विशेषज्ञ, प्रतिनिधि, परीक्षा नियन्त्रण कार्यालय, एकजना | - | सदस्य |
| (ज) | दलित, आदिबासी, महिला अपांगमध्येबाट सम्बन्धित विषयमा विशेषज्ञता भएको मनोनित एकजना | - | सदस्य |
| (झ) | उच्चमाध्यमिक शिक्षा परिषद्,प्रतिनिधि एकजना | - | सदस्य |
| (ञ) | प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्, प्रतिनिधि एकजना | - | सदस्य |
| (ट) | शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा/खुला सिकाइ महाशाखा, प्राविधिक अधिकृत (विषयगत विशेषज्ञ) | - | सदस्य-सचिव |

मनोनीत भइआएका सदस्यहरूको पदावधि सामान्यतया दुई वर्ष हुनेछ । प्रत्येक बैठकमा आवश्यकताअनुसार बढीमा दुई जनासम्म सम्बन्धित विषयका विशेषज्ञहरू आमन्त्रित सदस्यका रूपमा राख्न सकिनेछ ।

(४) विषय उपसमितिको काम, कर्तव्य र अधिकार :

(क) सम्बन्धित विषयमा सिकाइसामग्री तयार गरी गराई प्राज्ञिक उप समितिको परामर्श अनुसार स्वीकृतिका लागि दूर शिक्षा समितिमा पेस गर्ने ।

(ख) दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले तयार गरेका पाठ्यसामग्रीको अध्ययन गरी दूर शिक्षा/ खुला सिकाइ पद्धतिमा रूपान्तरण गर्ने र कार्यान्वयनयोग्य तुल्याई प्राज्ञिक उप समितिमार्फत दूर शिक्षा समितिमा स्वीकृतिका लागि पेस गर्ने ।

(ग) सिकाइ सामग्रीको विषयवस्तु र भाषाकोस्तर शैक्षिक कार्यक्रमको तहअनुसार नभएको भए त्यसलाई उपयोगी बनाई सरलीकरण गर्ने, गराउने ।

(घ) समग्र रूपमा सिकाइ सामग्री मुद्रित, श्रव्य, श्रव्य दृश्य आदि विषयगत दृष्टिबाट उपयुक्त भए नभएको विषयमा मूल्याङ्कन गर्ने, गराउने ।

(ङ) सिकाइ सामग्रीको सम्बन्धमा विषय उपसमितिको हैसियतले गर्नुपर्ने नमूना पाठको ढाँचा तथा अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

(च) लेखक वा लेखक समूहबाट तयार पारेको सिकाइ सामग्रीलाई पुनरावलोकन गर्ने र प्राज्ञिक उपसमितिको सहमतिमा दूर शिक्षा समितिमा पेस गर्ने, गराउने ।

(छ) आवश्यकताअनुसार सम्बन्धित विषयमा दूर शिक्षा प्रणालीको पाठ्यक्रम र पाठ्यसामग्री तयार गरी गराई प्राज्ञिक उप समितिको परामर्श लिएर स्वीकृतिका लागि दूर शिक्षा समितिमा पेस गर्ने, गराउने ।

## परिच्छेद-६

## सम्पर्क कक्षासम्बन्धी व्यवस्था

१३. सम्पर्क कक्षा सञ्चालन :

खुला विद्यालयले देहायका आधारमा सम्पर्क कक्षा सञ्चालन गर्नुपर्नेछ :

(क) खुला विद्यालयले कम्तीमा डेढ महिनाको एकपटक हुने गरी एक शैक्षिक वर्षमा पटक पटक गरी [Ω]१७५ घण्टाको सम्पर्क कक्षा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(ख) [π]प्रयोगात्मक कार्य, गृहकार्य, अभ्यास, परियोजना कार्य, घटना अध्ययन, छलफल, प्रतिवेदनलेखन जस्ता क्रियाकलाप सम्पर्क कक्षाका प्रमुख क्रियाकलाप हुनेछन् ।

(ग) सम्पर्क कक्षा सञ्चालन गर्दा सम्पर्क केन्द्रमा पुस्तकालय, अडियो भिडियो पुस्तकालय र अन्य सूचना प्रविधिको व्यवस्था हुनुपर्नेछ ।

---

[Ω] पहिलो संशोधनद्वारा संशोधित ।

[π] पहिलो संशोधनद्वारा थप ।

(घ) खुला विद्यालयले सम्पर्क कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । श्रव्य, श्रव्यदृश्य, इन्टरनेट, रेडियो/टिभी. पत्रिका, पाठपत्र जस्ता सूचना, सञ्चार र सिकाइका साधनहरू खुला विद्यालयको शिक्षा प्रदान गर्ने माध्यम हुनेछन् ।

(ङ) खुला विद्यालयले आफूले सञ्चालन गर्ने कार्यक्रमको पाठयांश श्रव्य वा श्रव्यदृश्य वा अन्य सञ्चार उपकरणको माध्यमबाट विद्यार्थीहरूमा पुऱ्याउनु पर्नेछ ।

(च) खुला विद्यालयले पाठ्यक्रम र पाठ्यपुस्तकमा अस्पष्ट विषयवस्तुको बारेमा सम्पर्क कक्षाको रूपमा विद्यार्थीहरूसँग प्रत्यक्ष अन्तर्क्रिया गरेर वा छलफल गरेर स्पष्ट हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) सम्पर्क कक्षा अध्ययन केन्द्रमा सञ्चालन हुनेछ । अध्ययन केन्द्र खुला विद्यालयको अङ्ग हुनेछ । खुला विद्यालयमा विषयगत सहजकर्ताहरुको व्यवस्था गर्नु पर्नेछ ।

(ज) सम्पर्क कक्षा सञ्चालन गर्ने सहजकर्ता प्रचलित शैक्षिक कार्यक्रमले तोकेको न्यूनतम शैक्षिक योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ । सहजकर्तासँग विद्यार्थीहरूले टेलिफोन, फ्याक्स, इमेल र पत्राचार माध्यममार्फत सम्पर्क कायम गराउने व्यवस्था गर्नु पर्नेछ ।

(झ) विद्यार्थीहरूले आफ्नो अनुभवलाई फराकिलो बनाउन पाठ्यक्रमका आधारमा अन्य उपयोगी सन्दर्भ सामग्रीसमेतको अध्ययन गरेर परीक्षामा राम्रो गर्ने वातावरण आफैंले तयार गर्नु पर्नेछ ।

(ठ) विद्यार्थी मूल्याङ्कनको निमित्त प्रस्तुतीकरण, गृहकार्य, सम्पर्क कक्षामा सहभागिता, आन्तरिक परीक्षा जस्ता कार्यक्रमहरूको अभिलेख राख्नु पर्नेछ ।

(ड) अध्ययन केन्द्रलाई नियमित प्राज्ञिक तथा प्रशासनिक सहयोग क्षेत्रीय अध्ययन केन्द्रमार्फत हुनेछ । क्षेत्रीय अध्ययन केन्द्रमा विषयगत सहजकर्ताको व्यवस्था हुनेछ । अर्को व्यवस्था नभए सम्मका लागि शैक्षिक तालीम केन्द्रहरूमध्येबाट छनौट गरी क्षेत्रीय अध्ययन केन्द्रको रूपमा प्रयोग गरिनेछ ।

(ढ) सहजकर्ताले शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालित सम्बन्धित विषयको तालीम लिएको हुनुपर्नेछ ।

## परिच्छेद-७
## सिकाइसामग्रीसम्बन्धी व्यवस्था

१४. सिकाइ सामग्री विकास :

कुनै तह वा क्षेत्रको शैक्षिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले देहायबमोजिम अर्धसरकारी/निजी क्षेत्रसमेतको सहभागितामा सिकाइ सामग्री विकास गरिनेछ :

(क) सिकाइ सामग्रीको विकास भाषा विषयको हकमा सोही भाषामा र अन्य विषयको हकमा नेपाली भाषामा गरिनेछ । तर सहज सामग्रीहरु मातृभाषामा पनि विकास गर्न सकिनेछ।

(ख) निजी संस्थाहरूबाट उत्पादित सामग्री दूर शिक्षा समितिबाट स्वीकृत गराई खुला विद्यालयले प्रयोग गर्नु पर्नेछ ।

(ग) कुनै पनि तहको शैक्षिक कार्यक्रमको लागि शैक्षिक जनशक्ति विकास केन्द्रले मुद्रित श्रव्य तथा श्रव्य दृश्य सामग्रीहरु विकास गरी बिक्री वितरणको व्यवस्था मिलाउने छ । कुनै पनि तहको शैक्षिक कार्यक्रमको लागि सिकाइ सामग्रीहरु यस केन्द्रले समयसमयमा विकास गर्दै जानेछ ।

## परिच्छेद-८
## विद्यार्थी भर्ना र परीक्षासम्बन्धी व्यवस्था

१५. विद्यार्थी भर्ना तथा वाहय परीक्षा :

खुला विद्यालयका विद्यार्थीहरूको भर्ना र तहको अन्तिममा लिइने वाह्य परीक्षा देहायबमोजिम हुनेछ :

(क) खुला विद्यालयमा भर्ना हुन चाहने विद्यार्थीहरूलाई विद्यालयमा स्वयम् उपस्थित भई पत्राचार वा इमेलमार्फत आवेदन दिने व्यवस्था गर्नु पर्नेछ ।

(ख) खुला विद्यालयले आन्तरिक मूल्याङ्कनमा उत्तीर्ण परीक्षार्थीहरूलाई मात्र बाह्य परीक्षामा सामेल गराउनु पर्नेछ ।

(ग) खुला विद्यालयले आन्तरिक मूल्याङ्कनको नतिजा अभिलेख प्रयोजनका लागि एकप्रति समयमा नै शैक्षिक जनशक्ति विकास केन्द्रमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(घ) आन्तरिक मूल्याङ्कनमा उत्तीर्णहुनका लागि निर्धारित पाठ्यक्रममा उल्लेख भएअनुसार अङ्क ल्याउनु पर्नेछ ।

(ङ) खुला विद्यालयले आन्तरिक मूल्याङ्कन प्रयोजनका लागि विषयको प्रकृति हेरी मौखिक परीक्षाको व्यवस्थासमेत मिलाउनु पर्नेछ ।

(छ) खुला विद्यालयले परीक्षार्थीहरूको बाह्य परीक्षाको आवेदन फाराम भराउने व्यवस्था आफैंले मिलाउनु पर्नेछ ।

१६. **कक्षा ११-१२ को परीक्षा :**

एस्.एल्.सी. वा सो सरह उत्तीर्ण भई १७ वर्ष उमेर पूरा भएकाहरू खुला विद्यालयमा भर्ना हुन सक्नेछन् । दूर शिक्षा समितिले तोकेको ११ र १२ कक्षाको बाह्य परीक्षामा सम्बन्धित खुला विद्यालयका विद्यार्थीको रूपमा समावेश हुनु पर्नेछ । ११ र १२ कक्षाको वाह्य परीक्षामा दूर शिक्षा समितिले तोकेको खुला विद्यालयबाट समावेश हुनुपर्नेछ ।

[६]१७. **कक्षा ९ - १० को परीक्षा**

(क) कक्षा ८ वा सो सरहको परीक्षा उत्तीर्ण गरी २ वर्ष पुगेका र १५ वर्ष उमेर पुगेका व्यक्तिहरु कक्षा ९ र १० को शैक्षिक कार्यक्रममा भर्ना हुन सक्ने छन् ।

(ख) तर अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित खुला विद्यालय वा सो सरहको विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा खण्ड 'क' बमोजिमको २ वर्ष अवधिको बन्देज लागू हुने छैन ।

(ग) यो कार्यक्रमको पढाइ एक वर्षको हुनेछ । दूर शिक्षा समितिले तोकेको माध्यमिक शिक्षा परीक्षामा खुला विद्यालयका विद्यार्थीको रूपमा समावेश हुनुपर्नेछ ।

१८. **कक्षा ६ - ८ को परीक्षा**

कक्षा ५ वा सो सरहको परीक्षा उत्तीर्ण भई १४ वर्ष उमेर पुगेका व्यक्तिहरू यस कार्यक्रममा भर्ना हुन सक्नेछन् । यो कार्यक्रमको पढाइ एक वर्षको हुनेछ । यो कार्यक्रमको परीक्षा दूर शिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

१९. परीक्षासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । तर गृहकार्य, सम्पर्क कक्षामा सहभागिता, आन्तरिक परीक्षा जस्ता कार्यहरूको अभिलेख राखी सो आधारमा विद्यार्थी मूल्याङ्कन गरेर मात्र बाह्य परीक्षामा समावेश गर्नु पर्नेछ । वाह्य परीक्षाका हकमा दूर शिक्षा समितिको समन्वयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको हकमा प्राविधिक तथा व्यावसायिक परिषद्, उच्च माध्यमिक तहको शिक्षाको हकमा उच्च माध्यमिक शिक्षा परिषद्, माध्यमिक तहको शैक्षिक कार्यक्रमको लागि परीक्षा नियन्त्रण कार्यालय र निम्न माध्यमिक तहको शैक्षिक कार्यक्रमको लागि विद्यालयले सञ्चालन गर्नेछ ।

---

[६] पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद-९
## अनुगमनसम्बन्धी व्यवस्था

२०. **अनुगमन सम्बन्धमा :**

खुला विद्यालयको शैक्षिक कार्यक्रम नियमित र प्रभावकारी भए नभएको बारेमा निम्न प्रक्रियाद्वारा अनुगमन एवम् सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था मिलाइनेछ :

(क) [π]शिक्षा विभाग तथा शैक्षिक जनशक्ति विकास केन्द्रले [□]अनुगमनकर्ता खटाई प्राप्त अनुगमन प्रतिवेदनको आधारमा दूर शिक्षा समिति तथा सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि आफ्नो राय उल्लेख गरी पेस गर्नेछ ।

(ख) क्षेत्रीय अध्ययन केन्द्रले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रमको प्रभावकारी अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) सम्बन्धित क्षेत्रका क्षेत्रीय शिक्षा निर्देशक वा निजले खटाएको अधिकृतबाट विद्यालय निरीक्षणको क्रममा खुला विद्यालयको पनि अनुगमन गरी गराई त्यसको प्रतिवेदन शैक्षिक जनशक्ति विकास केन्द्रमा क्षेत्रीय शिक्षा निर्देशनालयले उपलब्ध गराउनु पर्नेछ ।

(घ) सम्बन्धित जिल्लाका जिल्ला शिक्षा अधिकारी वा निजले खटाएको अधिकृतबाट विद्यालय निरीक्षण वा सुपरीवेक्षणको क्रममा खुला विद्यालयकोसमेत अनुगमन गरी गराई सोको प्रतिवेदन शैक्षिक जनशक्ति विकास केन्द्रमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(ङ) जुन विषय वा तहको कार्यक्रम सञ्चालन गरेको हो, त्यो विषय वा तहसँग सम्बन्धित संस्थाबाट प्राविधिक/प्राज्ञिक निरीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित खुला विद्यालयले अनिवार्य रुपमा शैक्षिक जनशक्ति विकास केन्द्रमा पठाउनु पर्नेछ ।

(च) शैक्षिक जनशक्ति विकास केन्द्रले अनुगमन गर्ने र प्रतिवेदन दिने भनी तोकिएका निकायहरूलाई आवश्यक हुने रकम शैक्षिक जनशक्ति विकास केन्द्रले उपलब्ध गराउने छ ।

---

[π] पहिलो संशोधनद्वारा थप ।

[□] पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद - १०

## खुला विद्यालयले निर्वाह गर्नुपर्ने दायित्व

२१. खुला विद्यालयले देहायबमोजिमका दायित्व निर्वाह गर्नुपर्नेछ :

(क) शैक्षिक सत्र सुरु हुनुपूर्व विद्यार्थीहरूको भर्ना लिइसक्नु पर्नेछ ।

(ख) सुरुमा आधार कक्षाका रूपमा सम्पर्क कक्षा सञ्चालन गरी विद्यार्थीहरूलाई पाठ्यपुस्तक र विषयवस्तुका बारेमा जानकारी गराउनु पर्नेछ ।

(ग) एक शैक्षिक वर्षमा पटक पटक गरी [Ω]१७५ घण्टाको सम्पर्क कक्षा सञ्चालन गर्नु पर्नेछ। यस किसिमका गृहकार्य दिने र त्यसलाई जाँच्ने व्यवस्था मिलाइएको हुनुपर्नेछ । सम्पर्क कक्षामा अन्तर्क्रिया गरेर सिक्ने पद्धति र प्रश्नोत्तर तथा अभ्यास विधिका आधारमा प्रयोगात्मक पक्षका विषयहरूको शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु पर्नेछ । यस्ता सम्पर्क कक्षामा समय समयमा विद्यार्थीको प्रगति समीक्षा गरिनु पर्नेछ ।

(घ) विद्यार्थीहरूलाई स्वाध्ययनका रूपमा प्रयोग गरिने सिकाइसामग्रीहरू निर्धारित मूल्यमा समयमा नै उपलव्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) शैक्षिक पात्रोको रूपमा पूरै वर्षभरिमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम प्रत्येक विद्यार्थीलाई उपलव्ध गराउनु पर्नेछ ।

(च) खुला विद्यालय संचालन सम्बन्धी प्राप्त निर्देशनहरुको अनिवार्य पालना गर्नुपर्नेछ ।

(छ) आन्तरिक मूल्याङ्कनका रूपमा सबै विषयका परीक्षाहरूको सञ्चालन गर्नु पर्नेछ । खुला विद्यालयले शैक्षिक गुणस्तरको अभिवृद्धि गर्ने दृष्टिबाट आन्तरिक मूल्याङ्कन, निरीक्षण तथा शिक्षणसिकाइसम्बन्धी थप कार्यक्रमको व्यवस्था आफैंले मिलाउन सक्नेछ ।

(ज) प्रत्येक वर्ष आयव्ययको लेखापरीक्षण अनुमति प्राप्त लेखापरीक्षकबाट अनिवार्य गराउनु पर्नेछ ।

(झ) अनुगमनमा खटिई आएका अनुगमनकर्ताले हेर्न चाहेमा खुला विद्यालयका सम्पूर्ण गतिविधिको अनुगमन निरीक्षण गराउनु खुला विद्यालयको दायित्व मानिनेछ ।

(ञ) खुला विद्यालय सञ्चालन गर्ने संस्थाले सो विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको आर्थिक स्थिति हेरी कुल विद्यार्थीको १०% कम्तिमा दलित, महिला, जनजाति तथा पिछडिएका, जेहेन्दार र विशेष अवस्थाका विद्यार्थीहरुका निमित्त शिक्षण शुल्क नि:शुल्क गर्नुपर्नेछ साथै सहुलियत दरमा शैक्षिक सामग्रीहरू उपलब्ध गराउनु पर्नेछ ।

(ट) सामुदायिक विद्यालयमा सञ्चालित खुला विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको भर्ना शुल्क, छात्रवृत्ति र पाठ्यसामग्रीसम्बन्धी व्यवस्था सो विद्यालयमा अध्ययन गर्ने नियमित विद्यार्थी सरह नै हुनेछ ।

(ठ) आवश्यकताअनुसार शैक्षिक सामग्री, पाठ्य सहायक सामग्री विकास गर्न सक्नेछ ।

---

[Ω] पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) खुला विद्यालय सञ्चालन गर्न चाहने कुनै पनि शैक्षिक संस्थाको आफ्नो सञ्चालक समिति/व्यवस्थापन समिति नै खुला विद्यालयको लागि पनि विद्यालय व्यवस्थापनको रुपमा रहनेछ । तर खुला विद्यालयको सम्बन्धन प्राप्त भएपछि भने जिल्ला शिक्षा कार्यालयको प्रतिनिधिको रुपमा सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक पदेन सदस्यको रुपमा रहनेछ । विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधी शिक्षा ऐन तथा शिक्षा नियमावलीमा व्यवस्था भएअनुसार हुनेछ।

## परिच्छेद - ११

## खुला विद्यालयको परीक्षणसम्बन्धी व्यवस्था

२२. **परीक्षण सम्बन्धमा :**

खुला विद्यालयको परीक्षणसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) यस निर्देशिकाको अन्य ठाउँमा जे व्यवस्था भए तापनि पहिलोपटक कक्षा ९ र १० को शैक्षिक कार्यक्रम परीक्षणको रूपमा सञ्चालन गरिनेछ ।

(ख) परीक्षणको रूपमा सञ्चालन गरिने शैक्षिक कार्यक्रमका लागि आवश्यक पर्ने पाठ्यक्रम विद्यालयस्तरको विद्यमान पाठ्यक्रमको ढाँचाअनुसार पाठ्याङ्श विकास गरी दूर शिक्षा समितिको सिफारिशमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृति गरेबमोजिम लागु गरिनेछ ।

(ग) पाठ्यक्रमअनुसार सिकाइ सामग्रीहरु विकास गरिनेछ ।

(घ) परीक्षणका लागि अधिराज्यका कुनै ५ ठाउँमा १/१ ओटा विद्यालयहरू सञ्चालन गरिनेछन् ।

(ङ) सामुदायिक विद्यालयमा परीक्षणका लागि आवश्यक पर्ने पूर्वाधार विकासलगायत अन्य सञ्चालन खर्च नेपाल सरकारले व्यहोर्ने छ ।

(च) खुला विद्यालय परीक्षणका लागि मुद्रित सामग्री, श्रव्य तथा श्रव्यदृश्य सामग्री, प्रविधिमा आधारित सामग्री तथा आमनेसामने कक्षा सञ्चालनजस्ता माध्यमहरू प्रयोग गरिनेछ । शैक्षिक जनशक्ति विकास केन्द्रले नमुनाको लागि पाठ्यसामग्रीहरु विकास गर्नेछ ।

(छ) खुला विद्यालयका विद्यार्थीको मूल्याङ्कन पाठ्यक्रमले निर्धारण गरेबमोजिम हुनेछ ।

(ज) कक्षा ९ र १० को शैक्षिक कार्यक्रम १ वर्षको हुनेछ । यस कार्यक्रमको अन्तमा लिइने एस.एस.सी परीक्षाको सञ्चालन र व्यवस्थापन परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ □ .............।

(झ) विभिन्न कारणले औपचारिक शिक्षा प्रणालीमा अध्ययन गर्नबाट बञ्चित कक्षा ८ उत्तीर्ण गरेको २ वर्ष पुगेका व्यक्तिहरू मात्र खुला विद्यालयको कक्षा ९ र १० को शैक्षिक

---

□ पहिलो संशोधनद्वारा झिकिएको ।



पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी

G2928

कार्यक्रममा भर्ना हुन पाउनेछन् । भर्नाका आधारहरू यसै निर्देशिकामा तोकेबमोजिम हुनेछ ।

(ञ) दूर शिक्षा समितिले आवश्यक प्रक्रिया पूरा गरेका आधारमा खुला विद्यालयलाई परीक्षणको रूपमा सञ्चालन गर्न सम्बन्धन दिन सक्नेछ । सम्बन्धन प्राप्त सामुदायिक विद्यालयको पूर्वाधार विकास तथा सहजकर्ताका लागि तालीम दिइने कार्य शैक्षिक जनशक्ति विकास केन्द्रले गर्नेछ ।

(ट) अध्ययन केन्द्र खुला विद्यालयको अभिन्न अङ्गको रूपमा रहनेछ । सम्पर्क कक्षा अध्ययन केन्द्रमा नै हुनेछ । अध्ययन केन्द्रको पूर्वाधार अनुसूची ५वमोजिमको हुनु पर्नेछ।

(ठ) परीक्षणका लागि सम्बन्धन प्राप्त खुला विद्यालयको अनुगमन केन्द्रीयस्तरमा शैक्षिक जनशक्ति विकास केन्द्रले गर्नेछ भने क्षेत्रीयस्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय, शैक्षिक तालीम केन्द्र र जिल्लास्तरमा जिल्ला शिक्षा कार्यालयले नियमित रूपमा गर्नेछ ।

(ड) परीक्षणको रूपमा सञ्चालन गरिएको शैक्षिक कार्यक्रमको प्रभावकारिता अध्ययनपछि मात्र अन्य शैक्षिक कार्यक्रमहरूको पूर्वाधार विकास गरी संरचनागत व्यवस्थापछि मात्र विस्तार गरिनेछ ।

(ढ) परीक्षणका लागि सम्बन्धन प्राप्त प्रत्येक खुला विद्यालयमा एक जना संयोजक, विषयगत सहजकर्ताहरु र एक जना सहयोगी कर्मचारीको व्यवस्था हुनेछ । संयोजक, सहजकर्ता तथा सहयोगी कर्मचारीको छनौट सम्बन्धित विद्यालयको व्यवस्थापन समितिबाट गरिने छ । संयोजक सम्बन्धित विद्यालयको प्रधानाध्यापक तथा माध्यमिक तहको शिक्षकहरुबाट मनोनयन गर्न सकिनेछ । सहजकर्ताको हकमा सम्बन्धित विषयमा कार्यरत शिक्षकहरुलाई सम्पर्क कक्षा संचालन गर्नको लागि मनोनयन गर्नुपर्नेछ ।

(ण) खुला विद्यालयमार्फत उत्तीर्ण विद्यार्थीको समकक्षता औपचारिक शैक्षिक कार्यक्रमको सरह हुनेछ ।

(त) निजीस्तरमा स्थापित शैक्षिक संस्थाहरूमा पनि खुला विद्यालय परीक्षणको रूपमा सञ्चालन गर्न सकिनेछ ।

(थ) सामुदायिक विद्यालयमा सञ्चालित विद्यालय व्यवस्थापन समिति नै खुला विद्यालयको पनि व्यवस्थापन समिति हुनेछ । विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार तथा वैठकसम्बन्धी कार्यविधि शिक्षा ऐन तथा नियमावलीमा व्यवस्थापन भएअनुसार हुनेछ ।

(द) खुला विद्यालयको संयोजक प्रधानाध्यापकबाहेक अन्य शिक्षकहरु भएमा खुला विद्यालय सम्बन्धमा बस्ने विद्यालय व्यवस्थापन समितिमा संयोजक पदेन सदस्यको रुपमा रहनेछन् ।

## परिच्छेद - १२
## नियमित विद्यालयीय शिक्षा गुणस्तर वृद्धिसम्बन्धी व्यवस्था

२३. **कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था :**

विद्यमान विद्यालयस्तरीय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) विद्यमान विद्यालयस्तरीय शिक्षा प्रणालीमा गुणस्तर अभिवृद्धिका लागि देहायअनुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(१) प्राथमिक तहदेखि माध्यमिक तहसम्मको शिक्षक तालीम

(२) एस.एल.सी सहयोग कार्यक्रम

(३) अन्तर्क्रियात्मक रेडियो शिक्षण कार्यक्रम

□(४) अभिभावक तथा सरोकारवालाहरूका लागि सचेतना कार्यक्रम

(५) शैक्षिक व्यवस्थापकको पेसागत विकास सहयोग कार्यक्रम

(६) तालीम पेसागत समूहको पेसागत विकास सहयोग कार्यक्रम

(७) शिक्षक विकासको निमित्त पेसागत विकास सहयोग कार्यक्रम

(ख) प्राथमिक तहदेखि माध्यमिक तहसम्मको १० महिने सेवाकालीन शिक्षक तालीम शैक्षिक जनशक्ति विकास परिषद्को स्वीकृत पाठ्यक्रमअनुसार दूर शिक्षा पद्धतिमार्फत सञ्चालन गरिनेछ ।

(ग) शिक्षक तालीम प्रभावकारी रूपले सञ्चालनका लागि स्वाध्ययन सामग्री, रेडियो पाठ प्रसारण, क्यासेट विकास तथा वितरण, श्रव्यदृश्य सामग्रीको विकास, वेभमा आधारित सामग्री तथा आमनेसामने वैठकहरू गरिनेछ ।

(घ) विद्यालय तहको सेवाकालीन शिक्षक तालीम स्वीकृत पाठ्यक्रमअनुसार सञ्चालन गर्न तालीम कार्यक्रम निर्देशिकाको व्यवस्था गरिने छ ।

(ङ) विद्यालयको तहको अन्तमा दिइने एस.एल.सी परीक्षालाई केन्द्रित गरेर एस.एल.सी सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि मुद्रित सामग्री,रेडियो तथा टेलिभिजन प्रसारण, क्यासेट तथा सिडीहरू विकास प्रकाशन तथा वितरण गरिने छ ।

(च) एस.एल.सी. सहयोग कार्यक्रम सञ्चालनका लागि रेडियो नेपाल, एफ.एमहरू, टेलिभिजनहरू, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, साझा प्रकाशन, गोरखापत्र संस्थान जस्ता अर्धसरकारी तथा गैर सरकारी संस्थाहरूसँग समन्वय गरी साझेदारीमा समेत सञ्चालन गरी बिक्री वितरणको व्यवस्था गरिनेछ ।

---

□ पहिलो संशोधनद्वारा संशोधित

(छ) एस.एल.सी सहयोग सामग्रीअन्तर्गत स्वाध्ययन सामग्री अधिराज्यका विभिन्न जिल्लाहरूमा कोटा निर्धारण गरी दलित, आदिवासी तथा जनजातिलाई निःशुल्क वितरण गर्ने व्यवस्था गरिनेछ।

(ज) अन्तर्क्रियात्मक रेडियो शिक्षण कार्यक्रम प्राथमिक तहमा केन्द्रित गरी गरिनेछ। यसका लागि श्रव्य सामग्री अन्तर्गत रेडियो, एफ.एम. प्रसारण तथा क्यासेट विकास तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

(झ) विद्यालयस्तरीय शिक्षा प्रणालीको अभिवृद्धिका लागि कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी व्यवस्था छुट्टै निर्देशिका बनाई सोहीबमोजिम हुनेछ।

## परिच्छेद - १३

## जीवनपर्यन्त शिक्षा र पेसागत दक्षता अभिवृद्धि कार्यक्रम

२४. व्यवस्थापन तथा सञ्चालन :

जीवनपर्यन्त शिक्षा र पेसागत दक्षता अभिवृद्धिसम्बन्धी कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन देहायबमोजिम हुनेछ :

(क) दूर शिक्षा खुला/सिकाइ कार्यक्रम सञ्चालन गर्ने छुट्टै स्वतन्त्र स्वायत्त निकायको स्थापना नभएसम्मका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले विभिन्न पेसाकर्मीहरूको पेसागत दक्षता अभिवृद्धि गर्न नेपाली नागरिकहरूलाई अद्यावधिक राख्न कृषि, स्वास्थ्य, शिक्षा, आदिका क्षेत्रमा तपसिलका कार्यक्रमहरू सञ्चालन गरिने।

(अ) जीवनपर्यन्त शिक्षा कार्यक्रम
(आ) सचेतनामूलक शिक्षा कार्यक्रम
(इ) पेसागत क्षमता अभिवृद्धि कार्यक्रम
(ई) कार्यथलोमा तालीम कार्यक्रम

(ख) जीवनपर्यन्त शिक्षा कार्यक्रमअन्तर्गत मानव जीवन सहज बनाउने भाषा, पेसा, व्यवसाय आदिसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिने छ।

(ग) सचेतनामूलक कार्यक्रमअन्तर्गत स्वास्थ्य, शिक्षा, कृषि, सूचना, प्रविधि,विज्ञान प्रविधि, मानवअधिकार, बालअधिकार, वातावरण शिक्षा, विद्यालय व्यवस्थापन सचेतना आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन्।

(घ) शिक्षा, स्वास्थ्य, कृषि आदि क्षेत्रमा विभिन्न पेसाकर्मीहरूको पेसागत क्षमता अभिवृद्धिका कार्यक्रमहरू श्रव्य, श्रव्यदृश्य तथा सूचना प्रविधिको माध्यममार्फत सञ्चालन गरिनेछ।

(ङ) गृहिणी, मजदुर, दलित, आदिवासी, जनजाति आदि लगायत विभिन्न समूहका लागि आयआर्जन गर्ने प्रकृतिका व्यवसायिक कार्यक्रमहरू श्रव्य तथा श्रव्य दृश्य माध्यमको प्रयोग गरी सञ्चालन गरिनेछ।

(च) कार्यक्रमहरू सञ्चालन गर्दा सरकारी,गैह्रसरकारी तथा स्थानीय संघसंस्थाको सहभागितामा सञ्चालन गरिनेछ।

(छ). जीवनपर्यन्त शिक्षा, सचेतनामूलक शिक्षा तथा कार्यथलोमा तालीमजस्ता कार्यक्रमहरू सञ्चालन गर्दा स्थानीय भाषा र मिडियालाई प्राथमिकता दिइनेछ।

(ज) जीवनपर्यन्त शिक्षा र पेसागत क्षमता वृद्धिका कार्यक्रमको निर्माण तथा सञ्चालन प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(झ) जीवनपर्यन्त शिक्षा र पेसागत क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमको व्यवस्था र सञ्चालन छुट्टै निर्देशिका बनाई सोहीबमोजिम गरिनेछ।

## परिच्छेद - १४

## ज्ञान तथा सीप परीक्षणसम्बन्धी व्यवस्था

२५. **परीक्षणसम्बन्धी व्यवस्था :**

ज्ञान तथा सीप परीक्षणसम्बन्धी कार्यक्रमको व्यवस्था देहायबमोजिम हुनेछ :

(क) कुनै व्यक्ति वा समूहले व्यक्तिगत वा सामूहिक प्रयासमा कुनै क्षेत्र विषेशमा आर्जन गरेको ज्ञान र सीपको प्रमाणीकरण गर्न देहायअनुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन् :

(अ) सीप प्रमाणीकरण कार्यक्रम

(आ) ज्ञान प्रमाणीकरण कार्यक्रम

(ख) विभिन्न स्रोतबाट आर्जित सीपहरू -जस्तै : राडीपाखी, गलैंचा, कपडा बुन्ने, काठ, माटो, धातुका सामग्री बनाउने, आधुनिक ढङ्गले खेती गर्ने, पशुपालन गर्ने, सुँडेनीको हैसियतले कार्य गर्ने, कपडा सिलाउने, फेब्रिक पेन्टिङ्ग गर्ने, रङरोगन गर्ने, काठ, बेत बाँस आदिको क्षेत्रमा काम गर्ने तथा सामग्री बनाउने, कपाल काट्ने, डकर्मी तथा सिकर्मीको हैसियतले कार्य गर्ने आदि प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद्सँगको समन्वयमा परीक्षण गरी प्रमाणीकरण गरिनेछ।

(ग) सीप प्रमाणीकरणको प्रमाणपत्र व्यक्तिले आर्जन गरेको सीपका आधारमा विभिन्न तह जस्तै A, B, C, D आदिमा दिइनेछ।

(घ) सीप परीक्षण गर्न स्थानीयस्तरमा साधन स्रोत सम्पन्न संस्थालाई उपयोग गरिनेछ।

(ङ) कुनै व्यक्तिले आफ्नै पहलमा वा कुनै संघसंस्था (जस्तै मठ, मन्दिर, गुम्बा, गैह्र सरकारी संस्थाहरू आदि) तथा विद्युतीय तथा छापा माध्यमबाट प्रसारित कार्यक्रमबाट कुनै पनि क्षेत्रमा ज्ञान आर्जन गरी परीक्षण गर्न चाहेमा तोकिएबमोजिमको व्यवस्था गरी ज्ञान परीक्षण गरेर प्रमाणपत्र दिने व्यवस्था मिलाइनेछ।

(च). व्यक्तिले आर्जित गरेको ज्ञानलाई प्रमाणित गरी औपचारिक शिक्षाको तहसँग समकक्षता कायम गरिनेछ । यसरी प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिले औपचारिक तथा दूर सिकाइ पद्धतिको शिक्षामार्फत आफ्नो शैक्षिकस्तर वृद्धि गर्न सक्नेछन् ।

(छ) ज्ञान प्रमाणीकरण गर्ने कार्य दूर शिक्षा/खुला सिकाइ परिषद्को स्थापना भएपछि मात्र केन्द्र, क्षेत्रीय तथा स्थानीय अध्ययन केन्द्रमार्फत हुने व्यवस्था गरिनेछ ।

(ज) व्यक्तिले आर्जित गरको ज्ञानको परीक्षण गरी साक्षरता, आधारभूत र प्राथमिक तहको प्रमाणपत्र प्रदान गरिनेछ ।

(झ) ज्ञान तथा सीप प्रमाणीकरणको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै निर्देशिका बनाई सोहीबमोजिम गरिनेछ ।

## परिच्छेद-१५
## विविध

२६. **विद्यार्थी भर्ना :**

खुला विद्यालयले जुन तहको दूर शिक्षा/खुला सिकाइ कार्यक्रममा विद्यार्थी भर्ना गर्ने हो सो तहमा भर्ना हुन आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेका विद्यार्थीहरूलाई मात्र भर्ना गर्नु पर्नेछ ।

२७. **सुझाव, निर्देशन र चेतावनी :**

(क) दूर शिक्षा समितिले अनुगमन प्रतिवेदनका आधारमा आवश्यक सुझाव तथा निर्देशनसमेत दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु खुला विद्यालयको कर्तव्य हुनेछ ।

(ख) यसरी दिइएको निर्देशन र सुझाव पालना नगरे दूर शिक्षा समितिले चेतावनी दिन तथा आवश्यक कारवाही गर्न सक्नेछ ।

(ग) सम्बन्धित शिक्षण संस्थाप्रति गरिने यस्तो कारवाही सुधारतर्फ निर्देशित हुनेछ ।

(घ) यस निर्देशिकाको व्यवस्था शिक्षा तथा खेलकुद मन्त्रालयले गरेबमोजिम हुनेछ ।

२८. **छाप :**

खुला विद्यालयले आफ्नो छाप बनाउँदा षट्कोणभित्र खुला विद्यालयको नाम रहने गरी शिक्षण संस्थाको पहिचान झल्किने किसिमको हुनुपर्नेछ ।

२९. **प्रतीक चिह्न :**

खुला विद्यालयले आफ्नो संस्थाको परिचायक प्रतीक चिह्न (लोगो) राख्न सक्नेछ ।

३०. **प्रचलित नियम कानूनको पालना :**

खुला विद्यालय सञ्चालन सम्बन्धमा यस निर्देशिकामा लेखिए जतिमा यसै निर्देशिकाबमोजिम र अन्यको हकमा प्रचलित कानुनअनुसार हुनेछ।

३१. **सहयोग लिन सक्ने :**

खुला विद्यालयले आफूले सञ्चालन गरेको दूर शिक्षा/खुला सिकाइ कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न अन्य संस्थाको सहयोग लिन सक्नेछ।

३२. **सम्पर्क व्यवस्था :**

खुला विद्यालयले दूर शिक्षा/खुला सिकाइ कार्यक्रमका बारेमा केन्द्रीय निकायसँग सम्पर्क गर्दा सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा क्षेत्रीय अध्ययन केन्द्रमार्फत् पत्राचार गर्न सक्नेछ ।

३३. **दूर शिक्षा/ खुला सिकाइ कार्यक्रम :**

दूर शिक्षा/ खुला सिकाइ कार्यक्रमसँग सम्बन्धित क्रियाकलाप र निर्णयहरू अब उप्रान्त यसै निर्देशिकाको व्यवस्थाबाट निर्दिष्ट र सञ्चालित हुनेछन्।

३४. **शुल्क तथा छात्रवृत्ति :**

सामुदायिक विद्यालयहरूमा विस्तारित कार्यक्रमको रूपमा सञ्चालन भएका खुला विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको शुल्क तथा छात्रवृत्तिसम्बन्धी व्यवस्था नियमित विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सरह नै हुनेछ।

# अनुसूची - १

## (दफा ६ को उप नियम १ सँग सम्बन्धित)

## दरखास्त फाराम

श्री शैक्षिक जनशक्ति विकास केन्द्र
दूर शिक्षा/खुला सिकाइ महाशाखा
सानोठिमी, भक्तपुर

विषय :- खुला विद्यालय सञ्चालन गर्ने सम्बन्धन पाऊँ ।

.................... जिल्ला ................ गा.वि.स./नगरपालिका/ उप म.न.पा./म.न.प वाड नं.......... गाउँ/टोल..........................मा ................ तहको .............. विषयको कार्यक्रमलाई दूर शिक्षण पद्धतिबाट विद्यालय शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यले निम्नाङ्कित कागजात यसैसाथ संलग्न गरी निवेदन गरेको छु । उक्त कार्यक्रम सञ्चालन गर्ने सम्बन्धन पाउन सादर अनुरोध गर्दछु ।

संलग्न कागजातका प्रमाणित प्रतिलिपिहरू

१. अनुमतिपत्र वा स्वीकृतिपत्र वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. संस्थाको विवरण फाराम
३. कवुलियतनामा
४. यस संस्थाले दूर शिक्षा कार्यक्रम सञ्चालन गर्न गरेको निर्णयको प्रतिलिपि ।
५. संस्थाको आफ्नो नाममा भएको जग्गा तथा भवनको प्रतिलिपि ।
६. संस्थाको विनियमको प्रतिलिपि
७. सञ्चालित संस्था भए गत आ.व.को लेखाको लेखापरीक्षण, नवीकरण गर्नुपर्ने भए नवीकरण र कर तिर्नुपर्ने भए कर तिरेको प्रमाणको प्रतिलिपि
८. संस्थाको पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण र निर्णयको प्रतिलिपि

निवेदक (संस्थाको तर्फबाट)

सही ...........................
नाम ................................
पद ............................
संस्था ...........................
संस्थाको छाप ...................

मिति २०....... साल......महिना......... गते

## अनुसूची - २

### (दफा ६ को उपनियम ३ (ख) सँग सम्बन्धित)

### शिक्षण संस्था

(क) परिचय :

१) (क) शिक्षण संस्थाको नाम............................ (ख) भवन : आफ्नै वा भाडामा

२) ठेगाना : जिल्ला .............. गा.वि.स./नगरपालिका/ उप म.न.पा./म.न.पा वाड नं.......... गाउँ/टोल.............

३) हुलाक : ...................

४) टेलिफोन नं.......................

५) फ्याक्स नं. ........................ ६) इमेल :.........................

(ख) भौतिक साधन :

१) भवन : लम्वाइ .............. चौडाइ ............... उचाइ ...............
तला सङ्ख्या ................. कोठा सङ्ख्या ........ शौचालय सङ्ख्या ..........
कच्ची/पक्की/अर्ध-पक्की ..................निजी वा वहालमा लिएको ....................

२) कोठा विवरण :

| कोठा नं. | लम्वाइ | चौडाइ | उचाइ | झ्याल ढोकाको अवस्था | प्रकाश र बत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३) फर्निचर : (क) कुर्सी थान ............. (ख) डेस्क थान ...........
(ग) वेन्च थान ............. (घ) दराज थान .........
(ङ) टेवुल थान ............. (च) अन्य .........

४) पिउने पानीको व्यवस्था : ........ट्युवेल ......धारा .......... इनार
अन्य ...........

५) खेलकुद मैदान : लम्बाइ .............. चौडाइ ............
मैदानमा खेल्न सकिने खेलकुदको नाम :
(क) .............. (ख) ...................... (ग) ...............

६) शिक्षण संस्थामा उपलव्ध खेलकुद सामग्रीहरू

७) पुस्तकालय व्यवस्था : किताब सङ्ख्या .............................
(पुस्तकालयमा भएका शैक्षिक कार्यक्रमअनुसारका विषयहरू र सन्दर्भ सामग्रीहरूसम्बन्धी पुस्तक, पुस्तिका, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन आदिको भिन्दा भिन्दै सूची बनाई यसैसाथ संलग्न गर्ने)

८) विद्यार्थीको स्रोत प्रस्ट हुने गरी त्यस क्षेत्रका अन्य शिक्षण संस्थाको विवरण

८) **प्रयोगशालामा (शैक्षिक सामग्री/ उपकरण) को विवरण :**

(क) प्रयोगशालाको कोठाको : लम्बाइ ........... चौडाइ .......... उचाइ .........
(प्रयोगशालामा भएका उपकरणहरूको छुट्टै सूची बनाई यसै साथ संलग्न गर्ने)

(ख) श्रव्यदृश्य सामग्री विवरण :

किसिम .............नाम...........................मात्रा............... प्रयोग गर्ने प्रक्रिया ।

(यससम्बन्धी विशेष विवरण तयार गरी यसैसाथ संलग्न गर्ने)

(ग) **मानवीय साधन :**

(अ) सहजकर्ताको विवरण :

| क. सं. | नाम र ठेगाना | योग्यता | विषय | तालीमको किसिम र अवधि | शिक्षण/प्रशिक्षण अनुभव वर्ष | आंशिक वा पूरा समय काम गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(योग्यता, नागरिकता तथा अनुभवको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू संलग्न हुनुपर्ने)

(आ) कर्मचारी विवरण :

| क.सं. | कर्मचारीको नाम,थर | ठेगाना | पद | योग्यता | अनुभव | पूर्ण/आंशिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| | | | | | | | |

(इ) विद्यालय/शिक्षण संस्था व्यवस्थापन/सञ्चालक समिति :

| क.सं. | पदाधिकारीको नाम,थर | ठेगाना | पद | योग्यता | अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |

नोट : स्वीकृत वा अनुमति प्राप्त शिक्षण संस्थाकै सञ्चालक/व्यवस्थापन समिति नै खुला विद्यालय सञ्चालक/व्यवस्थापन समिति हुनेछ ।

विद्यार्थीको विवरण (प्रस्तावित) :

(१) अनुमानित विद्यार्थीको सङ्ख्या ..........

(२) विद्यार्थीको आउने सम्भावित ठाउँको नाम ................

(ई) सम्भावित आयस्रोत (वार्षिक)

| क.सं. | आम्दानीको स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १. | शुल्क ( अनुमानित) | | |
| २. | चन्दा | | |
| ३. | अनुदान | | |
| | | | |
| | | | |
| | अन्य | | |
| | जम्मा | | |

१) शुल्क विवरण :

| क.सं. | विवरण | विद्यार्थीबाट लिइने प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| १. | मासिक शुल्क | | |
| २. | पुस्तकालय/उपकरण प्रयोग शुल्क | | |
| ३. | आवेदन फाराम शुल्क | | |
| ४. | विविध | | |
| ५. | जम्मा | | |

(२) संयोजक, सहजकर्ता तथा कर्मचारीहरूको प्रस्तावित तलब विवरण :

| क.सं. | पदको नाम | तलब | भत्ता | मासिक तलब भत्ता | वार्षिक तलब भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |

(उ) उपलब्ध शैक्षिक सामग्री विवरण :

| क्र.सं. | शैक्षिक सामग्रीको नाम | सङ्ख्या | दर | कुल मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

(शैक्षिक सामग्रीको छुट्टै सूची बनाई यसै साथ संलग्न गर्ने)

माथि लेखिएका विवरण ठीक साँचो छ, झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदकको सही :

नाम :

पद :

संस्थाको नाम :

मिति :

शिक्षण संस्थाको छाप :

## अनुसूची - ३
(दफा ६ को उपनियम (३) को (ग) सँग सम्बन्धित)

### कबुलियतनामा

श्री ...................................... शिक्षण संस्थाका सञ्चालक हामी तपसिलका व्यक्तिहरूले दूर शिक्षा कार्यक्रम सञ्चालन गर्ने अनुमति पाएको खण्डमा दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०६३ मा उल्लिखित सर्तहरू, शैक्षिक जनशक्ति विकास केन्द्रको निर्देशनहरू, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र हाम्रा कार्यविधि निर्देशिका तथा अन्य प्रचलित नेपाल कानुनहरू सत्य निष्ठाका साथ पालना गर्नेछौं । कथम्कदाचित पालना नगरेको खण्डमा उक्त निर्देशिका, निर्देशनहरू, कार्यविधि निर्देशिका र अन्य प्रचलित कानुनबमोजिम हुने एवम् क्षतिपूर्ति र दण्ड सजाय सहन बुझाउन तयार छौं भनी हाम्रो मनोमानी राजीखुशीसँग ................................ ठाउँमा यो कबुलियतनामा तयार गरी तपसिलका साक्षीहरूको रोहवरमा सहीछाप गरी यो कबुलियतनामा शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी, भक्तपुरमा पेस गरेका छौं ।

तपसिल

कबुलियतनामा गर्ने व्यवस्थापन/सञ्चालक समिति

| क.सं. | नाम र ठेगाना | बाबु/आमाको नाम | बाजे/बज्यैको नाम | वर्ष | ल्याप्चे सहीछाप | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दायाँ | बायाँ | सही |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

साक्षी

| क.सं. | नाम | बाबु/आमाको नाम | ठेगाना | वर्ष | सहीछाप |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

शिक्षण संस्थाको छाप :

मिति २०....... साल ........ महिना........ गते

# अनुसूची -४

(दफा ७ को उपनियम (ग) सँग सम्बन्धित)

दूर शिक्षा/ खुल्ला सिकाइ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धन

श्री ...... ...... ......

.......... ..... .....

दूर शिक्षा/ खुल्ला सिकाइ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा मिति ............. मा दिनुभएको निवेदन उपर कारवाही हुँदा दूर शिक्षा समितिको मिति................ को निर्णयानुसार दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०६३, दूर शिक्षा समिति तथा शैक्षिक जनशक्ति विकास केन्द्रको निर्देशनहरूसमेत पालना गर्ने गरी शैक्षिक सत्र............... बाट. .. .. .. .. .. .. तहको वाह्य परीक्षामा समावेश हुन खुला विद्यालय सञ्चालन गर्न यो स्थायी/अस्थायी सम्बन्धन दिइएको छ।

अनुमति प्रदान गर्ने अधिकारीको :

सही :-

नाम :-

दर्जा :-

मिति :-

छाप :-

वोधार्थ :-

श्री[□] शिक्षा मन्त्रालय, विद्यालय शिक्षा शाखा,कार्यक्रम शाखा, केशरमहल ।

[Φ]श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

[µ]श्री अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर ।

[Ω]श्री परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालय ............।

श्री जिल्ला शिक्षा कार्यालय .................।

श्री पाठ्यक्रम विकास केन्द्र,सानोठिमी, भक्तपुर ।

श्री उच्च माध्यमिक शिक्षा परिषद्,सानोठिमी, भक्तपुर ।

श्री प्राविधिक शिक्षा व्यावसायिक तालीम परिषद्,सानोठिमी, भक्तपुर ।

श्री शैक्षिक तालीम केन्द्र, .................।

---

[□] पहिलो संशोधनद्वारा संशोधित ।

[Φ] पहिलो संशोधनद्वारा थप ।

[µ] पहिलो संशोधनद्वारा थप ।

[Ω] पहिलो संशोधनद्वारा थप ।

अनुसूची - ५

(दफा ८ को उपनियम (ज) सँग सम्बन्धित)

<u>अध्ययन केन्द्रको पूर्वाधार</u> :

अध्ययन केन्द्रको एउटा वर्ग (Section)मा [π]५० जनासम्म विद्यार्थीहरू रहन सक्नेछन् । विद्यार्थीहरूलाई सुविधा पुऱ्याउनका लागि तपसिलबमोजिमको व्यवस्था हुनुपर्नेछ ।

१. <u>शिक्षण सिकाइ कक्षा</u> :

(क) यस कक्षालाई शिक्षण गर्न, समूह कार्य गर्न, छलफल गर्न प्रयोग गर्नुपर्नेछ ।

(ख) विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी १० वर्गफिट क्षेत्रफल उपलव्ध गराउनु पर्नेछ ।

(ग) कक्षामा डेस्क/ बेन्च उपलव्ध भए प्रति विद्यार्थी ४ वर्गफिटका दरले तथा हाते कुर्सी भए छुट्टाछुट्टै रूपमा उपलव्ध गराउनु पर्नेछ ।

(घ) कक्षाकोठामा आवश्यक मात्रामा झ्याल, ढोका, पङ्खा उज्यालोको व्यवस्था हुनु पर्नेछ ।

(ङ) सेतो पाटी/कालो पाटी कम्तीमा पनि ३२ वर्गफिटको हुनुपर्नेछ ।

(च) सहजकर्ताका लागि भाषण टेवुल र कुर्सीको व्यवस्था हुनुपर्नेछ ।

(छ) प्रत्येक शिक्षण कक्षमा शिक्षण सिकाइ सामग्री राख्नका लागि कम्तीमा पनि एउटा दराज र एउटा ऱ्याक हुनुपर्नेछ ।

२. <u>पुस्तकालय</u> :

खुला विद्यालयबाट विद्यार्थीहरूलाई सिकाइ (छापा) सामग्रीहरू सहजरूपमा उपलव्ध गराउन देहायबमोजिमको पुस्तकालयको व्यवस्था गर्नुपर्नेछ

(क) पुस्तकालयको सुविधा एक पटकमा कंम्तीमा पनि सम्पूर्ण विद्याथीको ४०% ले लिन पाउनु पर्नेछ । सम्पूर्ण विद्यार्थी संख्याको ४०% ले १ पटकमा पुस्तकालयमा अध्ययन गर्न सकिने गरी फर्निचरको व्यवस्था गर्नुपर्नेछ । जसको क्षेत्रफल (५ वर्गफिट) हुनुपर्नेछ ।

(ख) पुस्तकालयमा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, शव्दकोश, स्वाध्ययन सामग्री, पत्रपत्रिकाको १ पटकमा ४०% विद्याथीले प्रयोग गर्न सकिने गरी व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ग) सम्पर्क कक्षा बाहेकका दिनमा पनि पुस्तकालयको सुविधा लिन चाहने विद्यार्थीहरूलाई पुस्तकालयको सेवा उपलव्ध गराउनुपर्नेछ ।

---

[π] पहिलो संशोधनद्वारा संशोधित ।

(घ) १ पटक विद्यार्थीले लगेका पुस्तकहरू कम्तीमा पनि अर्को सम्पर्क कक्षासम्मका लागि प्रयोग गर्न पाउनु पर्नेछ ।

३. **श्रव्य,श्रव्यदृश्य कक्ष :**

(क) श्रव्यदृश्य कक्षमा कम्तीमा पनि टेलिभिजन- १ थान, LCD - १ थान, भी.सी.डी.- १ थान, टेप रेकडर-२ थान, कम्प्युटर- ५ थान, फोन-१ थान, फ्याक्स- १ थान, फोटोकपी- १ थान, रेडियो १० थान, ओभरहेड प्रोजेक्टर- १ थान, विभिन्न विषयका सीडी.- १०० थान हुनुपर्नेछ । तर यस्तो प्राविधिक सेवा नपुगेको स्थानमा भने उल्लिखित सबै प्राविधिक पूर्वाधार अनिवार्य हुनेछैन ।

(ख) १ पटकमा एउटा वर्ग (Section) विद्याथीहरू अटाउने गरी फर्निचरसहितको श्रव्यदृश्य कक्ष निर्माण गरिएको हुनुपर्नेछ ।

(ग) २ महिनामा १ पल्ट सबै विद्यार्थीहरूलाई श्रव्यदृश्य कक्षको सुविधा उपलव्ध गराउनु पर्नेछ ।

(घ) श्रव्यदृश्य कक्षमा कम्तीमा पनि सीडी.ऱ्याक- २ थान र दराज- २ थान हुनुपर्नेछ ।

(ङ) श्रव्य दृश्य कक्षमा सहजकर्ता तथा विद्यार्थीहरूसमेतले प्रयोग गर्न सक्ने गरी इमेल, इन्टरनेटको व्यवस्था हुनुपर्नेछ ।

४. **कार्यालय तथा सहजकर्ता कक्ष :**

(क) यस कक्षमा प्रत्येक संयोजक र सहजकताहरूलाई कुर्सी १ थान, चावी लगाउन मिल्ने टेबुल १ थान, मूल्याङ्कनसम्बन्धी विवरण राख्न दराज १ थान तथा कार्यालय प्रयोजनका लागि आवश्यक मात्रामा फर्निचरहरूको व्यवस्था हुनुपर्नेछ ।

(ख) यस कक्षलाई तयारी कक्ष, कार्यालय तथा बैठक कक्षको रूपमा प्रयोग गर्नुपर्नेछ । जसमा टेलिफोन, फ्याक्स, इन्टरनेट, इमेल जस्ता सुविधा एवम् पत्राचारलाई फाइलिङ्ग गर्ने व्यवस्था हुनुपर्छ ।

(ग) विद्यार्थी मूल्याङ्कनका अभिलेखहरू एवम् विद्यार्थीका व्यक्तिगत पोर्टफोलियो राख्न दराजको व्यवस्था हुनुपर्छ ।

पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर